**सभाध्यक्ष , उपाध्यक्ष एवं सदस्य महानुभावहरू,उपस्थित सम्पूर्ण महानुभावहरु**

रोहिणी गाउँसभाको गरिमामय गाउँसभामा आर्थिक वर्ष २०७८/७९ को आय ब्यय सहितको बार्षिक बजेट ,योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु।

कोरोना भाईरस (कोभिड–१९ दोस्रो भेरियन्ट) रोगको संक्रमणबाट सिर्जित प्रतिकुल अवस्थामा यस सम्मानित गाउँसभामा आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यस महत्वपूर्ण अवसरमा देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगसम्म ल्याउने क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नु हुने सम्पूर्ण महान शहिदहरु तथा राष्ट्रप्रेमी दिवंगत देशभक्त महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नेपाली समाज रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

कोरोना भाइरस कोभिड–१९ को कारणले गर्नु परेको निशेधाज्ञा, सामाजिक दुरी कायम गर्नुपर्ने र विभिन्न समुदायका उत्सव, जमघट, भोज भतेर जस्ता कार्यहरुलाई स्थगित गर्नु पर्ने बाध्यात्मक अवस्था लगायतका प्रतिकुलताका विच धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण, उद्धार र उपचार अभियानमा साथ दिनु भएकोमा म गाउँपालिकाको तर्फबाट यहाँहरु सबैलाई उच्च प्रसंसा गर्दछु । कोभिड–१९ नियन्त्रण तथा उपचारमा अहोरात्र खटिनु हुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, जनप्रतिनिधी एवं सम्पूर्ण राष्ट्रसेवक शिक्षक, राष्ट्रसेवक कर्मचारी, संघ, संस्था, पत्रकार, सञ्चारमाध्यम, पेशा ब्यवसायी लगायत सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

कोभिड–१९ संक्रमणको कारणले ज्यान गुमाउनु भएकाहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै संक्रमितहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको जगमा स्थापित स्थानिय सरकार, सामाजिक न्याय सहितको तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य, सु–संस्कृत, कर्तब्यनिष्ठ जागरुक, उद्यमी एवं पूर्ण लोकतान्त्रिक तथा समाजवाद उन्मुख समृद्ध समाज निर्माणका लागि प्रतिवद्ध रहेको छ ।

नेपालको संविधानले संघीय शासन व्यवस्था अन्तर्गत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानिय तहले गर्ने गरी तीनवटै तहको एकल तथा साझा अधिकारको ब्यवस्था गरेको छ । तीनवटै तहका सरकारले संविधान र कानूनको सिमा भित्र रही स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर प्राप्त गरेका छन् ।
स्थानिय तहका विद्यायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भइ कार्यान्वयनमा रहेको छ । संवैधानिक ब्यवस्था अनुरुप संघीय लोकतान्त्रीक गणतन्त्र र संघीयताको कार्यान्वियन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा हामी जनप्रतिनिधिहरुउपर आएकोले लोकतान्त्रिक समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभूती जनतालाई गराउने दायित्व जनप्रतिनिधीमा रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**कृषि, पूर्वाधार विकास,शिक्षा, स्वास्थ्य संस्कृति र सभ्यता ।सुखी जनता र समृद्ध रोहिणीको प्रतिवद्धता** भन्ने दिर्घकालीन सोच अनुरुप आर्थिक, सामाजिक विकासको मौलिक ढाचामा रोहिणी गाउँपालिका अगाडी वढिरहेकै वेला विश्वव्यापी रुपमा फैलिन गएको कोभिड–१९ को महामारीले हाम्रो मार्गमा केही अवरुद्ध गर्‍यो । तथापि स्वास्थ्य सुरक्षा, मितब्ययीता, पारदर्शिता र वित्तिय अनुशासनलाई आत्मसात गर्दै स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी सामाजिक न्याय सहितको आवश्यकतामा आधारित समानुपातिक गुणस्तरीय एवं दिगो विकास गर्दै नविनतम् उपलब्धिको माध्यमबाट नमुना गाउँपालिका निर्माण गर्ने कार्यमा हामी पूर्ण प्रतिबद्ध रहेका छौँ ।

जनअभिमतबाट जनप्रतिनिधि भई स्थानिय शासन सञ्चालन गर्दै आइरहेकोमा जनताको हामी प्रति उच्च अपेक्षा रहनु स्वभाविक हो यद्यपी कोरोना भाइरस कोभिड–१९ ले निम्त्याएको आर्थिक शंकटको वीच सिमित स्थानिय

स्रोत साधनमा अधिकतम आवश्यकताहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती हामी माझ रहेको छ । रोहिणी गाउँपालिका भित्रका सबै क्षेत्र वर्ग र समुदायका महत्वपूर्ण आवश्यकता हरुलाई सम्बोधन गर्दै कोभिड–१९ महामारी न्यूनिकरण रोकथाम र निर्मुल पार्ने अभियानलाई उच्च प्राथमिकतामा राखेर जनताको जीवनस्तर बृद्धि र आत्मनिर्भर बनाउने मान्यताका साथ यो बजेट तर्जुमा गरिएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

अबको हाम्रो शत्रु भनेकै भोक,रोग,गरिवी,पछ्यौटेपन अशिक्षा,अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध रोहिणीगाउँपालिका बनाउन हामी जन निर्वाचित प्रतिनिधिहरू सक्षम हुनेछौ किनकी हामीले जनताको सेवा गर्ने अवसर पाएका छौ ।अतः एकताका साथ अगाडि बढ्दै हाम्रो रोहिणी राम्रो रोहिणी निर्माणमा जुट्नु आजको आवश्यकता हो ।जनचाहाना छिटो र एकैपटक धेरै विकास भैदियोस भन्ने हुन्छ ।तर साधन,स्रोतको सिमितताले असिमित आवश्यक्ता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरूको प्राथमिकिकरण गर्दै एकिकृत योजना अनुसरण गरि सबै बर्ग ,क्षेत्र समेट्ने गरी सन्तुलित विकास गर्दै जाने गरी बजेट तर्जुमा गरेकोछु ।

बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान संघिय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना र प्रादेशिक प्रथम आवधिक योजनाहरु, दिगो विकासका लक्ष्यहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनीतिक दलहरुका घोषणा पत्रहरु, उपलब्ध स्रोत र साधनहरु, रोहिणी गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यू हरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्था, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, बुद्धिजीवि, पत्रकार र रोहिणी गाउँपालिकाका आदरणीय आमा बुबा, दिदीबहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझाब हरुलाई समेत आधार मानेर बजेट निर्माण गरेकोछु । बार्षिक बजेट रोहिणी गाउँपालिकाले अबलम्वन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण औजार रहेको ब्यहोरा सम्मानित सभामा राख्न चाहान्छु । संघिय र प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरिक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेकोछु ।

सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । **बजेटका उद्देश्यहरुनिम्न अनुसार निर्धारण गरेकोछु ।**

1. कोभिड १९ बाट रोहिणी गाउँपालिकाभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकको रक्षा गर्दै सामाजिक न्याय सहित उनीहरुको न्यूनतम आधारभुत आवश्यकताहरुको सम्बोधन गर्ने ।
2. मानव संसाधन विकासको लागि साधन , स्रोत र क्षमताको उच्चतम उपयोग गर्ने ।
3. आर्थिक, सामाजिक, पूर्वाधार विकास र संस्थागत सुशासन मार्फत गरिवी निवारण गरि समृद्ध रोहिणी निर्माण गर्ने ।

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि निम्न क्षेत्रहरुमा **प्राथमिकता निर्धारण गरेकोछु ।**

1. कोभिड १९ को रोकथाम, नियन्त्रण, उद्धार र उपचार गर्ने ।
2. स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारितजनशक्ति तयार गर्ने ।
3. कला संस्कृतिको पहिचान, संरक्षण र सम्वर्द्धन गर्ने ।
4. गरिबी न्यूनीकरण, रोजगारी सिर्जना र आयआर्जन वृद्धि गर्दै दिगो विकासमा प्रत्यक्ष योगदानपुर्‍याउने।
5. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड दिने ।
6. आन्तरीक राजस्व वृद्धि र परिचालनमा सहयोग पुर्‍याउने । राजस्वका दायराहरूफराकिलो बनाउने ।
7. कृषिको आधुनिकिकरण, यान्त्रीकिकरण, व्यवसायीकरण र जग्गाको चक्लाबन्दी गरी भुउपयोगनीति अवलम्बन गर्ने ।
8. सडक, खानेपानी, विद्युत, भवन जस्ता पूर्वाधारको विकास गर्ने ।
9. स्वच्छ वातावरणको संरक्षण गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।
10. जेष्ठ नागरिक सम्मान साथै लक्षित बर्गको सशक्तिकरणमा जोड दिने ।
11. समाबेशी र सन्तुलित विकास प्रबर्द्धन गर्ने ।

सभाध्यक्ष महोदय,

अब म आ.व.०७८/७९ को लागि रोहिणी गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु ।

कृषिलाइ आर्थिक समृद्धीको मेरूदण्ड मान्दै **"ब्यवसायिक कृषि पेशाअबलम्वन गरौं आत्म निर्भर बनौ"**भन्ने उद्देश्यका साथ कृषिलाई ब्यवसायिकरण तथा बजारीकरण गर्न अभिप्रेरित गर्ने गरी बजेट ब्यवस्था गरेकोछु । यसबाट कृषिमा व्वसायिकता बढ्ने र साना किसानको समेत जीवन स्तर उकास्न मद्दत पुग्ने गरि आवश्यक बजेट विनयोजन गरेकोछु ।

धान र गहुँको बिऊ किसानलाई सहज रुपमा पुर्याउन ५०% अनुदान दिन बजेट बिनियोजन गरेकोछु ।

कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिञ्चाई सुविधा प्रवर्धन गर्न रु. ४२ लाख बजेट ब्यवस्था गरेकोछु ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत ब्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न छ कार्यक्रममा प्रभावकारिता ल्याउन थप रु.२४ लाख बजेट ब्यवस्था गरेकोछु ।

स्थानिय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धनगर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चित हुने ब्यवस्था गर्न रु. २३ लाख बजेट ब्यवस्था गरेकोछु ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगारीको सिर्जना गराउन कार्यक्रम रु. ५९ लाख बजेट ब्यवस्था गरेकोछु ।

गाउँपालिका भित्र रहेका ऐलानी, पर्ती ,सार्वजनिक जग्गा सार्वजनिक पोखरी,कुलो जस्ता सार्वजनिक महत्वका सम्पत्तिको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण कार्यक्रम को लागि आवश्यक बजेट ब्यवस्था गरिकोछु ।

व्यवसायिक पशुपालक कृषकलाई उत्पादन बढाउनको लागि यान्त्रिकरण मेसिनरी औजार लागतका सामान अनुदानमा उपलब्ध गराउन बजेट ब्यवस्था गरेकोछु ।

दीर्घकालीन कृषि योजनाले अवलम्बन गरेका नीतिहरुका आधारमा खाद्यान्य वाली, नगदे वाली, तेलहन वाली, दलहन वाली तथा च्याउ खेती, व्यवसायिक तरकारी खेती, माछापालन, कुखुरापालन तथा पशुपालनको लागि नश्ल सुधार तथा धान र गहुँ वालीको पकेट क्षेत्रको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारको समेत सहयोगमा गाउँपालिकाले प्राथमिकता दिने नीति रहेको र गाउँपालिकाले त्यस्ता कार्यलाई प्राथमिकता दिनै जाने गरी विभिन्न कार्यक्रम मार्फत रु. १३ लाख बजेट ब्यवस्था गरेकोछु ।

कृषि विकास र उत्पादन बृद्धिका लागि सिंचाई सुविधा अभिवृद्धि हुने सबै सम्भावित कार्यमा गाउँपालिकाले सहयोग नीति अनुरुप सिञ्चाई सुविधा पुर्याउन बजेट ब्यवस्था गरेकोछु ।

माछा पालन ब्यवसायको माध्यमबाट आय–आर्जन बृद्धि तथा रोजगारीमा बृद्धि गर्नका लागि माछा पालनको क्षेत्र विस्तार गर्न अभिप्रेरित गराई नयाँ पोखरी निर्माणमा अनुदान तथा पुराना पोखरी भएका कृषकहरुलाई भुरा तथा उत्पादनमा अनुदान दिने नीति अनुसार अनुदान उपलब्ध गराउन रु. ८ लाख बजेट ब्यवस्था गरेकोछु ।

आर्थिक विकासको क्षेत्रमा गाउँपालिका सशर्त रु. १ करोड २३ लाख ४४ हजार र गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरेको छु । त्यसबाहेक संघीय सरकाकर र प्रदेश सरकारका योजना तथा कार्यक्रमहरु समेत थप हुने हुदा धेरै जनता लाभान्वित हुने विश्वास लिएको छु ।

**सामजिक विकास**

**स्वास्थ्यः**

नेपाल सरकारको नीति अनुसार अत्यावश्क स्वास्थ्य सेवाको पहुँच एवं गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र निशुल्क औषधी वितरण प्रणालीलाई थप व्यवस्थित गर्दै लगिने छ । अत्यावस्यक

औषधीको ब्यवस्थापनका लागि सशर्त बजेट रु.१५ लाख र गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरेको छ ।

कोभिड–१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागी क्षमता विकास तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट ब्यवस्था गरेकोछु ।

गाउँपालिकाबाटसञ्चालनभईरहेका एम्बुलेन्स सञ्चालन र व्यवस्थापन गर्नको लागि बजेटव्यवस्था गरेकोछु ।

खोप, सुरक्षित मातृत्व , प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभुत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकालाई उत्प्ररित गराई उचितरुपमा परिचालन गर्ने गरी मासिक रुपमा यातायात खर्च उपलब्ध गराउने ब्यवस्थालाई निरन्तरताको लागि बजेट को व्यवस्था गरेकोछु ।

प्रजनन स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्न प्रसुती गृह निर्माण र सञ्चालनलाई ब्यवस्थित र प्रभावकारी बनाईने छ । आमा र शिशुको स्वास्थ्यलाई ध्यान राखि बर्थिङ्ग सेन्टर तथा अस्पतालमा सुरक्षित सुत्केरी गराउन प्रोत्साहन गर्ने र बर्थिङ्ग सेन्टर तथा अस्पतालमा प्रसुती गराएका रोहिणी गाउँपालिका भित्र स्थायी बसोबास भएका सुत्केरी महिलालाई उपाध्यक्ष सुत्केरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरी पोषण सामाग्री उपलब्ध गराउन१२ लाख बजेट ब्यवस्था गरेकोछु ।

**शिक्षाः**

**"गुणस्तरीय शिक्षा रोहिणीको प्रतिबद्धता"**भन्ने मुल धेय सहित सबै बालबालिकालाइ विद्यालयमा अनिवार्य पठाउँ,सिकाउँ र टीकाउँ भन्ने अभियान सहित सामुदायिक, धार्मिक विद्यालयहरूमा भौतिक पुर्वाधार विकास संगै गुणस्तरीयता अभिबृद्धी गर्न विभन्न कार्यक्रम को लागि रु. ३ करोड ५४ लाख ५६ हजार बजेट को ब्यवस्था गरेकोछु ।

धार्मिक विद्यालयहरु मदरसाको भौतिक र शैक्षिक विकासमा टेवा पुर्याईने नीति अनुरुप बजेट ब्यवस्था गरेकोछु ।

सामुदायिक तथा धार्मिक विद्यालयहरुमा खानेपानी, सरसफाई एवम् वाल तथा छात्रा मैत्री शौचालय निर्माण कार्यको लागि विशेष प्राथमिकता साथ कार्यक्रम सञ्चालन गरिने छ । छात्राहरुलाई नियमित विद्यालय आउने वातावरण श्रृजना गरिने छ रसंघीय सरकारको सहयोगमा सामुदायिक विद्यालयमा अध्ययन रत किसोरीहरुलाई सेनिटरी प्याड निःशुल्क र भरपर्दो तरिकाबाट उपलब्ध गराइने नीति अनुरुप रु. १९ लाख ५९ हजार बजेट ब्यवस्था गरेकोछु ।
संघीय सरकार र प्रदेशको सहयोगमा क्रमशः सबै मा.वि.हरुमा विज्ञान भवन र ल्यावको उचित ब्यवस्था गरिने नीति अनुरुप गाउँपालिकाले सशर्त रु.१ करोड २८ लाख बजेट ब्यवस्था गरेकोछु ।

सामुदायिक तथा धार्मिक सार्वजनिक विद्यालयहरुको मर्मत सुधार, भौतिक विकास तथा फर्निचर निर्माण सम्बन्धी कार्यक्रममा सहयोग पुर्याउने बजेट ब्यवस्था छ ।
रोहिणी गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा **कक्षा ११ मा अध्ययनगर्ने गरीब तथा जेहेन्दार विद्यार्थीहरुका लागि आकर्षण गराउने कार्यक्रमहरु** सञ्चालन गर्नको लागि आवश्यक बजेट ब्यवस्था गरेकोछु।

**युवा तथा खेलकुदः**

राष्ट्रका लागि खेलकूद र स्वास्थ्यका लागि खेलकूद भन्ने मान्यता अनुसार युवा केन्द्रित खेलकूद कार्यक्रम सञ्चालन गर्न अध्यक्षकप क्रिकेट तथा उपाध्यक्ष कप भलिवल प्रतियोगिता सञ्चालन गरी खेल संस्कृतको विकास गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

विद्यालय स्तरका विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्नका लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु सञ्चालन को लागि रु.१ लाख  बजेट विनियोजन गरेकोछु। युवाहरुमा उद्यमशीलता, सृजनशीलता एवम् सकारात्मक सोचको विकास गर्ने अभिप्रायका साथ सोही अनुरुपका सीप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालनको लागि लघु उद्यम कार्यक्रम मार्फत रु.४ लाख बजेट विनियोजन गरेकोछु ।

**खानेपानी तथा सरसफाईः–**

सवैका लागि स्वच्छ खानेपानी सुविधा पुर्‍याउन खानेपानीका लागि भुमिगत पानीको व्यवस्था सहित ओभरहेड ट्याङ्की निर्माण गरी स्वच्छ खानेपानी ब्यवस्थापन गर्न, धकधई खानेपानी आयोजना लगायत रोहिणीका उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने आयोजनाहरुलाई विस्तार गर्न आवश्यक बजेट विनियजन गरेकोछु ।

**महिला बालबालिका ज्येष्ठ नागरिक लगायत लक्षित समुदायः**

आर्थिक,  सामाजिक र शैक्षिक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मुस्लिम, पिछडावर्ग, अपांङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सीपमूलक ,आयमुलक र रोजगारमुलक कार्यक्रम सञ्चालन  गर्न  बजेट विनियोजन गरेकोछु ।

मानव बेचबिखन पीडित/प्रभावितहरुको उद्धारस्वदेश फिर्ती तथा पुनर्स्थापनाको लागि शुभअवसर ग्राम नेपालसँगको सहकार्यमा मानव बेचबिखन तथा पुनःस्थापना कोष निर्माण भई सकेको र सो कोषको कार्यान्वयनका लागि निर्देशिका समेत निर्माण भईसकेकोले प्रभावकारी रुपमा संचालन र कार्यान्वयन गरिनेछ । यसको लागि ५लाख बजेट विनियोजन गरेको छु ।

अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सूविधाजनक समाग्री वितरणको ब्यवस्था मिलाउनको लागि बजेट विनियोजन गरेकोछु ।
अपांङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर र स्वाभिमान बनाउनका लागि समान अवसर तथा सेवा सुविधामा पहुँच बढाउन उनीहरुको सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ । घर परिवार र समाजमा फरक क्षमता भएका ब्यक्तिलाई माया गर्ने वातावरण श्रृजना गर्न सचेतनामुलक कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

ज्येष्ठ नागरिक ( ८० वर्ष भन्दा माथि) का र क वर्गका अपाङ्गहरुका लागि  कार्यतालिका बनाई स्वास्थ्यकर्मीद्धारा घरदैलो स्वास्थ्य जाँच तथा उपचार कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट छुट्याएकोछु।
घर नभएका अति विपन्न परिवारलाई संघीय र प्रदेश सरकारको सहयोग र समन्वयमा तथा गाउँपालिकाको समेत आफ्नै लगानीमा घर निर्माण गराई नागरिकहरुको आवासको सुनिश्चितता प्रदान गर्ने नीति लिईने छ ।सुरक्षित नागरिक आवाश कार्यक्रमलाई आर्थिक वर्षको शुरुबाट नै कार्यान्वयन गर्न  संघीय सरकारको सशर्त बजेट रु. ३२ लाख विनियोजन गरेकोछु ।

दलित वर्गको उत्थान, विकास, संरक्षण, सम्वर्द्धन र सशक्तीकरण  विकास र आय आर्जनका लागि जोड दिईनेछ ।
मुस्लिम तथा पिछडिएका वर्गको आय आर्जन, सीप विकास जस्ता प्रत्यक्ष फाईदा प'ग्ने कार्यक्रमहरु सञ्चालन गर्न बजेट विनियोजन गरेकोछु

सामाजिक विकासको क्षेत्रमा सशर्त रु.१९ करोड ३५ लाख  गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

**ग_ पुर्वाधार विकासः**

गाउँपालिकाको भवन निमार्णका लागि जिल्ला समन्वय समिति रूपन्देहीसँग जग्गा प्राप्ति हुने भएकोले उक्त जग्गामा भवन निर्माणको काम यथाशीघ्र अगाडि बढाउन ३ करोड बजेट व्यवस्था गरेकोछु ।

बैकल्पिक उर्जा समेतको प्रयोग गर्दै गाउँपालिकाका बजार क्षेत्रहरुमा **उज्यालो रोहीणी कार्यक्रम**लाई रु. ८ लाख बजेट व्यवस्था गरेको छु ।
मर्मत सम्भार कोषको व्यवस्था गरी मौसम तथा अन्य गतिविधीबाट क्षयीकरण हुने पूर्वाधार तथा ग्रामीण सडकहरुको मर्मत सम्भार कोषबाट खर्च हुने गरीरु. ५० लाख बजेट व्यवस्था गरेको छु ।
आर्थिक बर्ष २०७७/७८ मा बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्न सम्झौता भई महामारी प्रकोपको कारण भएको निषेधाज्ञा र बर्षातको कारणले सम्पन्न हुन नसकी अधुरा रहेका योजनाहरुको म्याद थप गरि कार्यान्वियन गराउनको लागि २ करोड ५० लाख बजेट व्यवस्था गरेकोछु ।

पूर्वाधार विकासको क्षेत्रमा सशर्त रु.३ करोड ४७ लाख गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

**घ) सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः–**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमासुचिकृत बेरोजगारहरूलाई उद्यान स्थापना र सार्वजनिक पोखरी सुन्दरीकरण कार्यमा प्राथमिकता दिई वातावरण संरक्षणको लागि योगदान पुर्‍याउने व्यवस्था मिलाएको छु ।
गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि योजना बनाई सरोकारवालाको सहभागिता जुटाई वृक्षारोपणका कार्यक्रम क्रमशः सञ्चालन गर्न बजेट व्यवस्थापन गरेकोछु।
विपद् आउन नदिन जनचेतना अभिवृद्धि गर्ने तथा विपद् आइपरेमा राहत,पुर्नस्थापना तथा उद्दार कार्य गर्न विपद् व्वस्थापन कोषको माध्यमबाट उद्दार सामाग्री सहितको व्यवस्था गर्न विपद् व्यवस्थापन कोष को लागि रु.१ करोड बजेट विनियोजन गरेकोछु ।

कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाईसूचना प्रविधिमैत्री बनाउदै लगिनेछ । सबै कर्मचारीहरुलाई कम्प्यूटरको आधारभूत ज्ञान र सीपको विकास गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

स्थानीय तह स्वःमूल्याङ्कन(LISA) कार्यविधीले निर्दिष्ठ गरेका बिषयक्षेत्र हरु, सूचक र मापदण्ड हरु कार्यान्यिन र अनुसरण गर्दै गाउँपालिकाको संस्थागत सक्षमतालाई सुदृढ र प्रतिस्पर्धी बनाउदै लगिनेछ यसको लागि बजेट विनियोजन गरेकोछु ।

गाउँपालिकाले सम्पादन गरेका सम्पूर्ण कार्यसम्पादनहरुलाई समेटेर स्मारिका प्रकाशित गर्नको लागि रु. ५ लाख बजेट विनियोजन गरेकोछु ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सहकार्यमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गरि व्यवस्थित र अद्यावधिक गरिने नीति अवलम्बन गर्न सशर्त तर्फ रु.१५ लाख  बजेट विनियोजन गरेकोछु।

रोहिणी गाउँपालिका द्वारा निर्मित मेलमिलाप सम्बन्धी कार्यविधी २०७८ लाई प्रभावकारी रुपमा कार्यान्वियन गरि न्यायसम्पादनलाई व्यवस्थित आवश्यक बजेट विनियोजन गरेकोछु ।

सूचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधि विकासमा आवश्यक बजेट विनियोजन गरेकोछु ।

सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापको माध्यमबाट पारदर्शिता अभिवृद्धि  गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

योजना, जिन्सी लगायतका क्षेत्रमा क्रमशः सप्टवेयर मार्फत ब्यवस्थापन गर्ने, आवश्यक स्थानहरुमा सि.सी.टि.भि  क्यामरा जडान, संचार माध्यमबाट विद्युतिय सिकाई, गाउँपालिकाका, वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा क्रमशः ईन्टरनेट सुविधाको ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ यसको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

ठूला योजनाहरु संघ र प्रदेश सरकार सँगको सहभागितामा सञ्चालन गर्ने नीति अबलम्वन गरिनेछ।संघीय सरकार र प्रदेशसरकारसँगको सहकार्यमा सञ्चालन हुने समपुरक योजनाको लागि ४ करोड  बजेटको ब्यवस्था गरेकोछु ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रको लागिसशर्त रु.१६ लाख गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

आ.व.२०७८/०७९ को बजेटअनुमानित बजेटरु.५५,७२,३०,०००पचपन्न करोड बहत्तर लाख तीस हजार रहेको छ ।

गाउँपालिकाको आ.व.२०७८/०७९ को बजेटको स्रोत देहाय बमोजिम रहेको छ ।

क. आन्तरिक आय रु.२१५,००,०००(दुई करोड पन्ध्र लाख)

ख. संघीय सरकारबाट प्राप्त रू.४२,२४,७७,००० (बयालीस करोड चौबीस लाख सतहत्तर हजार)

ग. प्रदेशसरकारबाट प्राप्त रू४,२२,५३,००० (चार करोड बाईस लाख त्रिपन्न हजार)

घ. जिल्ला समन्वय समिती रु. २,४०,००,०००।📪दुई करोड चालीस लाख♉

ङ. अन्य श्रोतबाट प्राप्त आय रु. १,७०,००,००० (एक करोड सत्तरी लाख)

च. बैंक मौजदात रु. ३,००,००,००० (तीन करोड)

गरी जम्मारु. ५५,७२,३०,०००।–

(पचपन्न करोड बहत्तर लाख तीस हजार)अनुमान गरेकोछु ।

बजेट बाँडफाँडदेहायका बिषयगत क्षेत्रहरुमा देहाय बमोजिम गरेकोछु ।

क. आर्थिक विकास तर्फ रु.३७४०६००० (तीन करोड चौहत्तर  लाख छहजार) ।

ख. सामाजिक विकास रू २६,९३,२३,००० (छब्बीसकरोड त्रियानब्बे लाख तेईसहजार मात्र) ।

ग. पुर्वाधार विकास तर्फ रू. १३,३४,६५,०००(तेह्र करोड चौतीस लाख पैसट्ठी हजार )

घ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. २,५०,३६,०००(दुई करोड पचास लाख छत्तीस हजार )

ङ. कार्यालय सञ्चालन तथा व्यवस्थापन तर्फ रु.९,२०,६१,००० (नौ करोड बिस लाख)

गरी जम्मा रु. जम्मारु. ५५,७२,३०,०००।–

(पचपन्न करोड बहत्तर लाख तीस हजार) अनुमान गरेकोछु ।

नीति तथा कार्यक्रमले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन का लागि विनियोजित बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचि मा प्रस्तुत गरेकोछु ।

बजेटमा ब्यवस्था गरिएका योजना तथा कार्यक्रमहरू उद्देश्य अनुरूप कार्यान्वयन गरी खुसी र सुखी रोहिणी बनाउन हाम्रा सम्पूर्ण सभाका सदस्यहरू लाग्नु हुने छ । यसमा राष्ट्र सेवक कर्मचारीहरू सदा झै खटिनु हुने छ भन्ने अपेक्षा सहित आम रोहिणी गाउँपालिका निवासी नागरिकहरु,राजनीतिक दल,बुद्धिजीवी समाज सेवीहरूबाट सहयोगको अपेक्षा राख्दछु ।
बजेटको समयमै कार्यान्वियनको लागि श्रावण पहिलो हप्ता भित्र खरिद योजना सहित बार्षिक कार्यतालिका निर्माण गरी भदौ, असोज र कार्तिक भित्र क्रमशः ठूला, मझौला र साना योजनाको खरिद प्रकृया अगाडि बढाई सक्ने र माघ मसान्त भित्र उपभोक्ता समिति संग सम्झौता गरि सक्नु पर्ने प्रस्ताव पेश गरेको छु ।यसबाट असार नलाग्दै योजना सम्पन्न भै सक्ने अपेक्षा लिएको छु ।
बजेट कार्यान्वयन गर्न तथा राजस्व प्राप्तिको लागि आवश्यक पर्ने विनियोजन विधेयक २०७८ र आर्थिक विधेयक २०७८ सम्मानित सभाबाट स्वीकृतिको लागि प्रस्तुत गरेको छु ।

अन्त्यमा यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य, प्राथमिकताका साथ अघि सारेको बार्षिक बजेटको कार्यान्वयनबाट यस गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुराउने कुरामा विश्वास राख्दै बार्षिक बजेट तर्जुमा गर्न सहयोग पुर्याउनुहुने सम्पुर्ण, सभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, राजस्व परामर्श समितका पदाधिकारीहरू, बुद्धिजीवि, समाजसेवी, शिक्षक, प्राध्यापक, राष्ट्रसेवक कर्मचारीहरू लगायत सबैलाई हार्दिक धन्यवाद दिदै बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनगरी यस गाउँपालिकालाईसुखी र समृद्ध रोहिणी बनाउन सबैको साथ,सहयोग र सहकार्यको आशा र विश्वासका साथ विदा माग्दछु ।
२०७८/०३/१०
धन्यवाद, जय रोहिणी।
इन्द्रमान चौधरी
वडा अध्यक्ष एवं कार्यपालिका सदस्य
रोहिणी गाउँपालिका, रूपन्देही